म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३२५ आइतबार १९ असार २०७९ ने. सं. ११४२ दिल्लाथ्व 3 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कांग्रेस मकवानपुरले नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान गर्ने

हेटौंडा, १८ असार/ नेपाली कांग्रेस मकवानपुरले स्थानीय तहको निर्वाचनमा निर्वाचित जनप्रतिनिहरुलाई सम्मान गर्ने भएको छ । कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको सभाध्यक्षतामा शनिबार बसेको कार्यसम्पादन समितिको बैठकले मकवानपुरमा कांग्रेसबाट निर्वाचित जनप्रतिनीधिलाई सम्मान गर्ने निर्णय गरेको हो । साउनको दोश्रो साता जिल्लाको स्थानीय तहको प्रमुख, उपप्रमूख र सदस्यहरुलाई सम्मान तथा प्रत्यासी उम्मेदवारहरुलाई हौसला प्रदान गर्ने कार्यक्रम गर्ने निर्णय गरेको पार्टी प्रवक्ता अर्जुन चौलागाईंले जानकारी दिए । बैठकले दुवै मिर्गौला खराव भएर उपचाररत कांग्रेस मकवानपुरका पूर्व जिल्ला सदस्य रामकृष्ण प्रजाको उपचारको व्यवस्था र आर्थिक संकलनको लागि ३ सदस्यीय समिति बनाएको छ । कांग्रेस मकवानपुरका संगठन विभाग प्रमूख शैलेन्द्र बानियाँको संयोजकत्वमा जिल्ला सदस्यहरु कालू घलान र खेम चेपाङ सदस्य रहेको नेता प्रजाको उपचार व्यवस्था तथा आर्थिक सहयोग संकलन समिति बनाईएको प्रवक्ता चौलागाईंले बताए । बैठकमा स्थानीय तह निर्वाचनको सम्बन्धमा समिक्षाको प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

## एकीकृत समाजवादीले सरकार नछोड्ने, कांग्रेस सहमतिबाट पछि नहट्ने

साझाकुरा संवाददाता



हेटौंडा, १८ असार/ नेकपा (एकीकृत समाजवादी)ले बागमती प्रदेश सरकारको नेतृत्व नछाड्ने भएको छ । पूर्वसहमति अनुसार एकीकृत समाजवादीले असारदेखि नेपाली कांग्रेसलाई सत्ता हस्तान्तरण गर्नु पर्ने थियो ।

तर, शनिवार काठमाडौंस्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको प्रदेश संसदीय दलको बैठकले सरकारको नेतृत्व नछाड्ने र गठबन्धनभित्र नयाँ सहमतिको वातावरण बनाउन गठबन्धनको शिर्ष नेतृत्वलाई जिम्मा दिने निर्णय भएको हो । बागमतीमा कांग्रेस र नेकपा माओवादी केन्द्रले सहमतिअनुसार सरकार परिवर्तन हुनुपर्ने दाबी गरेका छन् ।

मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डे, कांग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँ र नेकपा माओवादी केन्द्रका संसदीय दलको नेता शालिकराम जम्मकट्टेलबीच गत कार्तिक पहिलो हप्ता आधा-आधा कार्यकाल प्रदेश सरकारको नेतृत्व गर्ने लिखित सहमति भएको दावी गरिएको छ ।

उक्त सहमति अनुसार पाण्डेले मुख्यमन्त्रीबाट राजिनामा दिएर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गरिदिनुपर्ने कांग्रेस र माओवादी केन्द्रले बताउँदै आएका छन् । तर, पाण्डेले मुख्यमन्त्री नछोड्ने बताएका छन् । शनिवार संसदीय दलको बैठकपछि प्रतिक्रिया दिँदै प्रदेश सरकार परिवर्तन गर्न गठबन्धनको शीर्ष तहमै निर्णय हुनुपर्ने प्रदेशसभा संसदीय दलका उपनेता कृष्ण खनालले बताए ।

प्रदेशस्तरको कुराले कुनै अर्थ नलाग्ने भन्दै आन्तरिक मामिला तथा कानुन मन्त्रीसमेत रहेका खनालले गठबन्धनको शिर्ष तहको निर्णयबाटै सरकार परिवर्तनको टुंगो लाग्ने बताए । मुख्यमन्त्रीले राजीनामा दिने कुरा सम्भवन नभएको उनको भनाई छ । पाण्डेले मुख्यमन्त्री पद छाड्न आनाकानी गरेको भन्दै कांग्रेस र माओवादीका प्रदेशसभा सदस्यले उनीविरुद्ध हस्ताक्षर संकलन गरेका छन् । हस्ताक्षर संकलन गरेपछि पाण्डे दबाबमा परेका थिए । उनले सरकारकै विषयमा छलफल गर्न पार्टी अध्यक्ष माधवकुमार नेपालको उपस्थितिमा दलको बैठक राखेका थिए । नेपालले पनि गठबन्धनको शिर्ष तहबाटै सरकार परिवर्तनको विषय टुंग्याइने बताएको नेकपा (एस) निकट एक प्रदेश सांसदले जानकारी दिए ।

एकीकृत समाजवादीकी सचेतक मुनु सिग्देलले मुख्यमन्त्री पाण्डेले सरकारको नेतृत्व छोड्न परे गठबन्धनको शीर्ष नेतृत्वको निर्णयपछि मात्रै हुने बताइन् । गठबन्धनको शिर्ष नेतृत्वमा एकीकृत समाजवादीले बागमती छोड्न परे अन्य प्रदेशमा सरकारको नेतृत्व गर्न पाउनु पर्ने बताएको छ । गठबन्धनमा तीन दलले २/२ वटा प्रदेशको नेतृत्व गर्न पाउने गरी भागबण्डा मिलाएकाले बागमती प्रदेशको नेतृत्व छोड्दा अर्को प्रदेश पाउनुपर्ने विषयमा छलफल भएको एक सांसदले जानकारी दिए । पार्टी अध्यक्ष नेपालले पनि गठबन्धनमा छलफल गरेर निष्कर्ष निकाल्ने बताएको उनले बताइन् ।

सरकार परिवर्तन हुनुपर्ने अडान लिँदै आएको कांग्रेसले सहमति कार्यान्वयनको विकल्प नरहेको बताएको छ । सरकार नछोड्ने निर्णय गरेपनि सहमति कार्यान्वयन हुनेमा विश्वास रहेको कांग्रेस बागमती प्रदेश संसदीय दलका सचिव निमा लामाले जानकारी दिए । उनले प्रदेश सरकार परिवर्तनको विषय गठबन्धनको शिर्ष नेतृत्वबाटै टुंगो लगाउने कुरा पहिलो प्राथमिकतामा रहेपनि आन्तरिक सहमित पालना हुनुपर्ने बताए । प्रदेश तहमै भएको लिखित सहमति विपरित जान नहुनु उनको भनाई छ । बागमतीको हकमा अन्य प्रदेशलाई देखाएर सहमति तोड्न नमिल्ने लामाले बताए । 'हामीलाई अझै विश्वास छ, सहमति पालना हुन्छ ।,' लामाले भने ।

बागमतीमा सहमति अनुसार सरकार परिवर्तन हुनुपर्ने बताउँदै आएको माओवादी केन्द्रले सहमति कार्यान्वयन हुनुपर्ने अडान कायम राखेको छ । नेकपा माओवादी केन्द्रका प्रदेश सांसद तथा पूर्वमन्त्री युवराज दुलालले सहमति कार्यान्वयन हुनुपर्ने बताए । तर, दुलालले सरकार भन्दापनि गठबन्धन कायम हुनुपर्ने विषय पहिलो प्राथमिकतामा रहेको धारणा राखे ।

उनले हस्ताक्षर संकलन मुख्यमन्त्रीलाई हटाउन नगरिएको तर, सहमति कार्यान्वयन हुँदा सरकार परिवर्तनका लागि आवश्यक पर्ने भएकाले पूर्वतयारी गरिएको दावी गरे । 'माओवादीले पहिलो कुरा गठबन्धनलाई कायम रहनुपर्ने बताए । सत्ता भनेको दोस्रो कुरा हो ।' दुलालले भने, 'विगतका दिनमा लिखित सहमति भएको हो, सहमति कार्यान्वयन हुनुपर्नेमा हाम्रो जोड छ । तर, नयाँ सहमतिपनि गरेर जान सकिन्छ ।,'

बागमतीमा करिब साढे ३ महिने लामो तत्कालीन नेकपा र एमाले सरकार बर्हिगमन भएसँगै एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसबीचको गठबन्धन सरकार ११ कार्तिकमा बनेको थियो । गठबन्धनको नेतृत्व गर्दै एकीकृत समाजवादीबाट राजेन्द्र प्रसाद पाण्डे मुख्यमन्त्री बनेका थिए ।

उनले मुख्यमन्त्री बन्नुअघि कांग्रेससँग आधा-आधा कार्यकाल सरकार चलाउने गरेको सहमतिले उनलाई अप्ठेरो बनाईरहेको छ । मुख्यमन्त्री पाण्डेलाई तत्कालिन समयमा बागमती प्रदेशका कुल १०९ जना सांसदमध्ये ५९ सांसदको समर्थन थियो । प्रदेशसभामा हाल कुल सांसद संख्या १ सय ७ छ ।

प्रदेशसभामा माओवादी २३, नेपाली कांग्रेस २२, एकीकृत समाजवादी १३ र जसपाको एकसहित ५९ सांसद छन् । प्रमुख प्रतिपक्षी एमालेसँग ४१, विवेकशील दलसँग ३, राप्रपा र नेमकिपाका २/२ सांसद छन् । बागमतीमा सरकार बनाउन गठबन्धन गर्नुको विकल्प छैन् ।

बागमतीमा सरकार निर्माण गर्न ५४ जना सांसदसहित बहुमत संख्या हुनुपर्दछ । उक्त संख्या कुनै दलसँगपनि छैन् । पार्टी विभाजनअघि एमालेको बहुमत थियो । तर, त्यो लामो समयसम्म टिक्क सकेन् । पार्टी फुटेसँगै तत्कालीन नेकपा र एमालेको करिब साढे ३ वर्ष लामो सरकार ढलेको थियो ।

## जन्मदिनमा बृद्धाश्रमलाई सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा-१ जरुवाटोल नवासी किरण दुतराजले आफ्नो जन्मदिनको उपलक्ष्यमा शनिबार हेटौंडा चौकीटोलस्थित ॐ वृद्धाश्रममा आर्थिक सहयोग गरेका छन् ।

४३ औं जन्मदिन मनाउन पत्नी मुनु श्रेष्ठ दुतराजसहित वृद्धाश्रम पुगेका किरणले वृद्धाश्रमको भौतिक निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले नगद दश हजार पाँचसय पचपन्न रुपियाँ, दूध आठ लिटर, आँप आठ केजी र सात दर्जन केरा बृद्धवृद्धाहरुको लागि सहयोग गरेका हुन् ।

'जन्मदिनमा समाजमा केही सकारात्मक प्रभाव पर्ने काम गरौं भनेर वृद्धाश्रमलाई सहयोग गरेको हुँ', दूतराजले हरेक व्यक्तिले जन्मदिन र अन्य विशेष दिनलाई समाजमा सहयोग गर्ने वातावरण बनाउन सके समाज विकासमा केही टेवा पुग्ने विश्वास व्यक्त गरे ।

उनले वृद्धाश्रमका उपाध्यक्ष बेगम बराललाई नगद हस्तान्तरण गरेका हुन् । सहयोग हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिका १ नं. का अध्यक्ष तथा नगरका प्रवक्ता सविन न्यौपाने, नेपाल सुनचाँदी व्यवसायी संघ मकवानपुरका सचिव राजकुमार रसाइलीलगायत सहभागी थिए ।

यसैगरी, अमेरिका प्रस्थानको तयारीमा रहेका हेटौंडा-५ निवासी अस्मित अग्रवालले शनिबार नै आफू अमेरिका जान पाएको खुशियालीमा ॐ वृद्धाश्रमलाई नगद तीन हजार एकसय पाँच रुपियाँ सहयोग हस्तान्तरण गरेका छन् ।

## छुवाछुतमुक्त वडा बनाउन सबै लाग्नुपर्छः *अध्यक्ष न्यौपाने*



साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपानेले समाजमा व्याप्त जातीय छुवाछुतको अन्त्य गर्न सबै क्षेत्रबाट सहयोग हुनुपर्ने बताएका छन् ।

हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महाशाखाको समन्वयमा टोल विकास वडा समन्वय समितिको आयोजनामा शनिबार भएको एकदिने सचेतनामूलक कार्यक्रममा बोल्दै अध्यक्ष न्यौपानेले जातीय भेदभाव समाजको ठूलो अपराध भएको भन्दै यसको अन्त्य गर्न सबै टोलबासी लाग्नुपर्ने बताए ।

समितिका अध्यक्ष सुदर्शन पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै अध्यक्ष न्यौपानेले समाजमा रहेका यस्तै विभेदकारी कुप्रथाको कारण नेपाली समाज अपेक्षाकृत विकासित नसकेको उनको भनाइ थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका अधिकृत भैरब कुमाल र कमलकुमार विश्वकर्माले जातीय विभेद र यससंग सम्बन्धित कानूनी प्रावधानहरुको बारेमा सहजीकरण गरेका थिए । कार्यक्रममा कार्यपालिका सदस्य ईश्वर रसाइली, वडा अध्यक्ष मनु दाहाल, पूर्व वडा सदस्य सोमलाल स्याङ्तान, सरस्वती श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## यातायात व्यवसायी सहकारीको १३ औं वार्षिक साधारण सभा



हेटौंडा, १८ असार/ यातायात व्यवसायी उपभोक्ता सहकारी संस्थाको १३ औं वार्षिक साधारण सभा शनिबार भएको छ ।

साधारण सभा संस्थाका अध्यक्ष किरण पौडेलको अध्यक्षता तथा हेटौंडा उपमहानगरका मेयर मीनाकुमारी लामाको प्रमुख अतिथ्यतामा भएको हो ।

कार्यक्रममा संस्थापक अध्यक्ष सुमनलाल श्रेष्ठ, संस्थापक सचिव सरोज खनाल, कानुनी सल्लाहकार मुकुन्दप्रसाद अधिकारी, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमलगायतको आतिथ्यता रहेको थियो ।

यातायात व्यवसायीहरु मिलेर संचालन गरेको यस संस्थाले टायर, लुम्ब्रिकेन्ट, पार्टस् र पेट्रोलियम पदार्थ बिक्री गर्ने गर्दछ । १९४ जना शेयर सदस्य रहेको सहकारीको पुजीं भने ६ करोड ९० लाख ६६ हजार ८ सय रहेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरु:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट
YADEA e-SCOOTER का विशेषताहरु:
☞ Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞ Full Charge ले १०० किमी कुद्ने ।
☞ २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ ट्यूबलेस टायर ☞ ब्याट्रिमा एक वर्ष वारेन्टी
बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# जातीय विभेद अन्त्य हुनैपर्छ

छुवाछूत प्रथा हिन्दू वर्णव्यवस्थाबाट विकसित भएको मानिसले मानिसलाई नै छुन नहुने भन्ने परम्परागत व्यवस्था हो । यो व्यवस्थाको सुरुवात सर्वप्रथम भारतमा हिन्दू धर्मावलम्बीहरूले गरेको पाइन्छ । सामान्यतया छुवाछूत भन्नाले जातजाति, धर्म, वर्ण, लिङ्ग, पेशा, वैचारिक आस्था वा त्यस्तै अन्य विविध कुराहरूलाई आधार बनाएर निर्माण गरिएको विभेदकारी व्यवस्था हो । विश्वमा प्राचीनकालदेखि नै खासगरी पशुपालन र कृषि युगको थालनी भएपछि मानिसले मानिसलाई नै तल्लो र माथिल्लो भन्ने भेदभावपूर्ण व्यवहारको सुरुवात गरी त्यसलाई अहिलेसम्म पनि कायम राख्दै आएको छ । यस्तो स्तर निर्धारणका आधारहरू आर्थिक अवस्था, व्यवसाय, धर्म, रङ्ग, लिङ्ग आदि थिए । यसरी निर्धारित स्तरहरूमध्ये तल्लो स्तरमा राखिएका मानिसहरूलाई माथिल्लो स्तर भएका भनिएका मानिसहरूले हेलाँ र अपमानको व्यवहार गर्ने क्रममा छुवाछूत प्रथाको विकास भएको थियो । प्राचीन भारतीय समाजमा क्रमिक रूपमा विकसित भएको यो व्यवस्था नेपाली हिन्दू समाजमा अहिले एउटा बदनाम व्यवस्थाको रूपमा गनिँदै आएको छ ।

मानिस जन्मँदा स्वतन्त्र रूपमा जन्मन्छन् । तर, अन्धविश्वास तथा गलत धारणा र संरचनात्मक मान्यताहरूले हाम्रो समाजमा नागरिकहरू विभेदमा पर्दै आएका छन् । जातिको आधारमा मानिसमाथि विभाजन र भेदभाव व्यक्तिगत अधिकारको गम्भीर उल्लङ्घन हो । नेपाली समाजमा यस्ता विभेदका घटनाहरू धेरै हुँदै आएको छ । त्यस्ता कतिपय घटना सार्वजनिक हुन्छन् त कतिपय घटना सार्वजनिक हुँदैनन् । जातीय पहिचानको आधारमा व्यक्तिलाई भेदभाव गर्ने कार्यले 'तल्लो जात' भनिएका नागरिक पीडित हुँदै आएका छन् । यस्ता घटना बर्सेनि सार्वजनिक हुनुले जातीय विभेद अन्त्यका लागि तर्कसङ्गतरूपमा सोच्न बाध्य तुल्याएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले जातजाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक धारणा वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, वंश, जन्म वा कुनैपनि प्रकारको भेदभाव नगरी सबै अधिकार र स्वतन्त्रताको हक रहेको उल्लेख गरेको छ । नेपाल मानव अधिकार सन्धिको पक्ष-राज्य भएकोले आफ्ना नागरिकको समानता, मर्यादा र सुरक्षा सुनिश्चित गर्ने उत्तरदायित्व राख्छ । राज्यले भेदभावरहित व्यवस्था सुनिश्चित गर्नका लागि कानुन र नीतिहरूलाई अद्यावधिक गरी कार्यान्वयन गर्नुपर्छ । नागरिक समाज संगठन र जिम्मेवार निकायले जातीय विभेद उन्मूलन गर्न जनतालाई शिक्षित गर्न सामाजिक आन्दोलनलाई सहज बनाउनुपर्छ । छुवाछुतजन्य व्यवहारहरू रोक्ने समय आइसकेको छ । नेपालमा विद्यमान जातीय विभेद अन्त्य गर्नैपर्छ । यसमा सबैले सहकार्य गरौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २० गते सोमबार ४ जुलाई २०२२ । असार शुक्लपक्ष पञ्चमी । दिल्लाब्ध ११४२ । सूर्योदय: ५:१४, सूर्यास्त: ७:०२ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अधुरा काम पूरा हुने | **तुला** | : अनावश्यक खर्च बढ्ने |
| **वृष** | : घरेलु समस्याले सताउने | **वृश्चिक** | : भोजको अवसर मिल्ने |
| **मिथुन** | : कुरा काट्नेहरु सक्रिय हुने | **धनु** | : स्वास्थ्य बिग्रन सक्ने |
| **कर्कट** | : नयाँ काम हात पर्ने | **मकर** | : रमाइलो गरि समय बित्ने |
| **सिंह** | : कार्यान्तरण हुन सक्ने | **कुम्भ** | : राजनीतिमा प्रगति हुने |
| **कन्या** | : शुभ समाचार सुन्न पाइने | **मीन** | : शारीरिक परिश्रम गर्नुपर्ने |

# नेपाली युवामा स्पार्टाकशको खोजी



गुरुराज घिमिरे



समकालीन नेपाली समाजको मौलिक चरित्रका बारेमा विवेचना गर्नुपर्दा यहाँको शासन प्रणाली, यसको विकासक्रम, समय-समयका विद्रोह र संघर्षहरुलाई पनि सम्झिनुपर्ने हुन्छ । यसको प्रारम्भ कम्तीमा राजा पृथ्वीनारायण शाहबाट गर्नुपर्ने हुन्छ । त्यसयताका दर्जनौं संघर्ष र विद्रोह केलाउनु पर्ने हुन्छ । यस सन्दर्भमा विद्रोहका आयामहरुमध्ये एकाध दृष्टान्त उल्लेख गर्नु उपयुक्त हुनेछ ।

सायद विद्रोहका प्रकारहरु हुन्छन्- हाकाहाँक्की गरिने र बिनम्रतापूर्वक गरिने विद्रोह । खुलेआम विद्रोहका पनि प्रकार हुन्छन्- देशका निम्ति र वैयक्तिक स्वार्थका निम्ति । खुलेआम विद्रोह हिंसात्मक पनि हुनसक्छ । विनम्र विद्रोह भने शान्तिपूर्ण हुन्छ ।

नेपालको सन्दर्भमा लखन थापा, कृष्णप्रसाद कोइराला, कृष्णलाल अधिकारी, चार शहिद (दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र शुक्रराज शास्त्री), टंकप्रसाद आचार्य, रामहरि शर्मा, बीपी कोइराला, सुवर्ण समशेर राणा, गणेशमान सिंह, राजा त्रिभुवन लगायतले गरेको विद्रोहको चर्चा गर्नुपर्ने हुन्छ भने माहात्मा गान्धीको सत्याग्रह र प्राचीन रोमको दास विद्रोह विश्व विख्यात विद्रोह हुन् ।

यहाँ प्राचीन रोमको दास विद्रोहको चर्चा गरौं, जसले रोमन साम्राज्यको पतन र नयाँ इतिहासको रेखांकन गर्यो । रोमन साम्राज्यमा शासक, धनी व्यापारी, ठेकेदार, धर्माधिकारी लगायत कुलिनमा पर्दथे । उनीहरुले दास प्रथालाई निर्बाध रुपमा अघि बढाएका थिए । त्यो दास प्रथाभित्रको एउटा शक्तिशाली विद्रोही पात्र हो स्पार्टाकश ।

युनानी लेखक प्लुटार्कका अनुसार जन्मको ठेगान नभएको स्पार्टाकश उत्कृष्ट लडाकु भएकाले रोमन सेनामा सम्बद्ध थियो । उसले रोमन साम्राज्यको पक्षमा धेरै लडाइँ लड्यो । यसै दौरान उसलाई समुद्री डाँकुसँगको सम्बन्धको आरोप लगाएर बन्दी बनाइयो । त्यहाँबाट भाग्न सफल भएपनि अन्ततः पक्राउ पर्यो र दास बनाइयो ।

खतरनाक योद्दा भएकाले उसलाई दासकै रुपमा ग्लेडियटोरियल स्कुलमा दाखिला गरियो र रोमन शासकहरुद्वारा हदैसम्म सताइयो । अन्ततः पुन: विद्रोह गर्यो र तेस्रो दास विद्रोहका दौरान सेनाद्वारा मारियो । ईशापूर्व १०९-७१ को तिलस्मीझैं लाग्ने त्रासदीपूर्ण यथार्थ कथा हो यो । स्पार्टाकश तत्कालीन रोमन शासकहरुलाई घृणा गर्दथ्यो । उनीहरुले मानवमाथि अक्षम्य अपराध गरेका थिए, जसलाई उसले कहिल्यै स्विकार गरेन । मान्छेलाई दास बनाई ग्लाडिएटरको रुपमा लडाउने र उनीहरुको मृत्युमा अट्टहास गर्ने तत्कालीन कुलिनहरु पापी र अपराधी थिए । स्पार्टाकशले मृत्युको खेललाई मनोरञ्जन ठान्ने कुलिन रोमनहरुको आधिपत्य विरुद्ध विद्रोह गरेका ४० हजार दास योद्दाको सेनापतिको रुपमा शहादत प्राप्त गर्यो । यसलाई मानव जातिको इतिहासमैं भयानक विद्रोह मानिन्छ । त्यही घटना रोमन साम्राज्यको पतनको कारण बन्यो ।

यहाँ उठाउन खोजिएको कुरा समाजमा विद्रोह किन हुन्छ भन्ने हो । नेपालमा पनि यस्ता विद्रोह भएकै छन् । आधारभूत चारित्रिक हिसाबले नेपाली समाज अझैसम्म निरंकुश नै छ र विद्रोहको संभावना जीवितै छ । यहाँको कुलिन पक्ष र सत्ताका स्वार्थहरु एकै छन् । हामीले जतिसुकै लोकतन्त्रको कुरा गरेपनि त्यसले आम जनताको जीवनमा परिवर्तन ल्याएको छैन । सिमान्तमा रहेको गरीब नेपालीको जीवन कारुणिक छ । यसमा कसैलाई चासो छैन । सबैको चासो सत्ताको गजुरमा मात्र छ । लगभग नेपालको लोकतन्त्र कुलिनतन्त्रमा परिणत भैसकेको छ । यस सन्दर्भमा एउटा प्रसंग जोड्नु उपयुक्त हुनेछ ।

सन् १९११ मा इटालीका बिचारक रिचर्ड मिसेलले तयार गरेको थेसिस 'आइरन ल अफ ओलिगार्की' हाम्रो हकमा समेत लागू हुन्छ । उनी लेख्छन्- कुनै पनि संस्था या दलको स्थापनाकाल या पृष्ठभूमि जतिसुकै लोकतान्त्रिक भए पनि कालान्तरमा त्यो कुलिनतन्त्रमा परिणत हुन्छ, जहाँ पैसा र नाता बाहेक अरु कुनै चिजको महत्व रहने छैन । अहिले हाम्रो समाज ठ्याक्कै यही ठाउँमा छ । सत्तामा गएकाहरु वर्ग रुपान्तरण भई कुलिनतन्त्रमा परिणत भएका छन् । जनतालाई भोट छाप्ने मेशिन मात्र ठानिएको छ । भोटका लागि हरेक पाँच वर्षमा जनताको गुणगान गरिन्छ । त्यसपछि जनताको कुनै मूल्य हुँदैन । यसबाट के स्पष्ट हुन्छ भने बाटो बिराएको हाम्रो लोकतन्त्रले ठूलो विद्रोहलाई आमन्त्रण गर्दैछ ।

नेपालका राजनीतिक दलहरुको आन्तरिक जीवन कस्तो छ त ? केन्द्रदेखि टोलसम्म नेता-कार्यकर्तामा एकअर्काप्रति वैरभाव छ । नेता वा अगुवा भएर आफूले कहाँबाट, कसरी र कति प्रतिफल पाउने भन्ने चिन्ता र ध्याउन्न छ । कुनै संस्थागत गतिविधि छैन । संविधान र विधानले निर्दिष्ट गरेको दायरा भित्र रही पूरा गर्नुपर्ने जिम्मेवारीप्रति पूर्ण उदासिन ठूलो डफ्फा छ, जसको नियन्त्रणमा तीनवटै तहका सरकार छन् । यसमा दलहरुको आलोपालो छ । जनतासँग अधिकांश नेता र अधिकारीहरुको भावनात्मक सम्बन्ध छैन । जनतासँग उनीहरुको छुट्ट व्यापारी र सोझो ग्राहकको जस्तो सम्बन्ध छ । लोकतन्त्रलाई आफ्नो स्वार्थ पूरा गर्ने माध्यम बनाएका व्यक्तिहरु सबै ठाउँको नेतृत्व तहमा छन् । यसले निकट भविष्यको विकराल संकटलाई संकेत गर्दछ ।

प्राचीन रोममा ग्लाडियटरहरुलाई लडाएर मनोरञ्जन लिने शासकहरुको झल्को नेपाली राजनीतिमा आज भोलि देखिन्छ । यो प्रवृत्ति संस्थागत हुँदैछ । दलका कार्यकर्ताहरु संस्थाका लागिभन्दा नेताका लागि काम गर्दछन् । दलको मूल्य, मान्यता र लोकतन्त्रको घोषित उद्देश्य बेवारिस बन्दै गएको छ । दलका युवा सदस्यहरु नेताले राम्रो गरिदेलान् र हाम्रो भविष्य सुध्रेला भन्दै हिँडेका छन् । यो त आफ्नै तारुण्यको उपहास हो । लाछीपनाको प्रदर्शन हो । यस्तो परमुखापेक्षी प्रवृत्तिबाट के हपाइएला र !

नेताहरु त आफ्नो उद्देश्यमा सफल छन्, लाचार युवा पाएर । आन्दोलनमा रगत बगाउने, परिआउँदा गोली थाप्ने, निर्वाचन जिताउने, मन्त्री-प्रधानमन्त्री बनाउने तर नेताका अगाडि चुँ गर्न नसक्ने आशे युवा पुस्ता पाएको छ देशले । अनि कसरी बन्छ देश ? ३२ वर्ष भएछ यही समूहले मुलुकमा राज गरेको । यो समूहले चर्चा गर्न र दुनियाँलाई देखाउन लायक के काम भयो खै ? अनि समाजमा पुजिएर हिँड्ने आधार के ?

नेपालको राजनीति साँच्चै अप्ठ्यारो मोडमा छ । रोमन शासकका नेपाली संस्करण भन्न ठाडै नमिले पनि नेपालका शासकहरुले दलभित्र युवालाई जिउँदो लास बनाएका छन् । युवाहरुको क्रान्तिकारी चेतना यति भुत्ते भइसक्यो कि आवाज समेत निकाल्न सक्दैनन् । नेपालको इतिहासमा यस्तो कहिल्यै भएको थिएन । पार्टी भित्रका लाखौं ग्लेडियटर मध्ये कोही पनि स्पार्टाकश छैन । त्यसैले यतिबेला नेपाली समाज एउटा होनहार ग्लेडिएटरको खोजीमा छ, जो नयाँ युगको चिराग र क्रान्तिकारी स्पार्टाकश बनोस् ।

राष्ट्र निर्माणका निम्ति कुनै साइत हेराउनु पर्दैनथ्यो । जुन दल सत्तासीन भएपनि राम्रो काम गर्न कसैले रोक्दैनथ्यो । २०४६ सालपछि ठूलो युवा जमात पलायनको बाटो रोज्न बाध्य भयो । यसको कारण नेपालको राजनीति नै हो, यसमा पनि मुख्यत: राजनीतिक नेतृत्व नै हो । दलहरुको नेतृत्वले राजनीतिलाई दोहन गर्ने माध्यम बनाएपछि यस्तै दुर्दशा हुने हो । सुधारको कुनै गुञ्जायस देखिँदैन । हामी सबैजसोलाई पछिल्लो पुस्ताले सोध्न थालेको छ- 'नेपालमा हाम्रो पुस्ताको भविष्य खै ?'

यसको जवाफ कसले दिने ? ताज्जुबको कुरा के छ भने राजनीतिमा लागेको युवा पुस्ता देश बिग्रियो भनेर बोल्न सकिरहेको छैन । जबकी, अब त बिग्रियो भनेर अड्डी लिने अनि सुधारको बाटोमा हिँडाउन सक्नु पर्ने हो ।

यस सन्दर्भमा बीपीको एउटा भनाइ बडा सान्दर्भिक छ । 'मेरो दृष्टिमा युवकहरु' शीर्षकको आलेखमा उहाँले लेख्नुभएको छ- बुढो मानिस बिग्रियो भने समाजले त्यति धेरै मूल्य चुकाउनु पर्दैन, जति युवा बिग्रँदा ।

आज नेपालको दु:खद यथार्थ के हो भने 'ए, त्यहाँ बिग्रियो है' भनेर पटक्कै नबोल्ने युवा पुस्ता छ । यसबाट सुधार र उन्नतिको संकेत मिल्दैन । अब कि अन्तिम प्रयास गरौं नत्र एकस्वरले राम, राम भनौं !

(घिमिरे नेपाली कांग्रेसका युवा पुस्ताका नेता हुन् ।)

-साभार: अनलाइनखबर

# पाँच दलीय गठबन्धनको आवश्यकता किन ?



झकबहादुर मल्ल 'सुदीप'



यतिबेला स्थानीय तह निर्वाचनको समीक्षासँगै आसन्न संघ र प्रदेशको चुनावी भविष्यबारे बहस र छलफल भइरहेको छ । स्थानीय तहले जनताका आधारभूत आवश्यकतासँग प्रत्यक्ष रुपमा सरोकार राख्दछन् । हाम्रो संघीय ढाँचाअनुसार स्थानीय तहले जनताका दैनिक समस्याको तत्काल सम्बोधन गर्ने काम गर्दछन् । प्रदेशले विशेष गरी विकास निर्माण साथै संघले देशको राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलन र विकास गर्ने गर्दछ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको प्रारम्भिक चरणमै भएकोले यसको व्यवस्थित प्रयोग गर्ने क्रममा प्रथम कार्यकालको समीक्षासहित दोस्रो कार्यकालका लागि जनप्रतिनिधि छनोट गर्ने भएकोले आसन्न निर्वाचनप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चासो र सरोकार हुनु स्वाभाविकै छ । विगत पाँच वर्षका राजनीतिक घटनाक्रम मात्रै हेर्ने हो भनेपनि यो संघीय लोकतान्त्रिक व्यवस्था र यसको भविष्यका बारेमा एउटा प्रारम्भिक चित्र तयार गर्न सकिन्छ ।

जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, गणतन्त्र घोषणाका साथै अन्तरिम संविधान र संक्रमण कालको अन्त्य गर्दै नेपालका राजनीतिक पार्टीहरुले ऐतिहासिक रुपमा एकताबद्ध भएर संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान घोषणा गरेका थिए । भूकम्प, नाकाबन्दी र राजनैतिक अस्थिरताले कमजोर बन्दै गएको नेपालको अर्थराजनीतिक प्रणालीमा संविधानको घोषणासँगै भएको स्थानीय, संघ र प्रदेशको चुनावले एउटा नयाँ आशाको सञ्चार गरेको थियो । चुनावी घोषणासँगै नेपाली राजनीतिमा ठूलो संख्यामा रहेको वामपन्थी जनमतमा समेत एउटा नयाँ आशा र उत्साहको रक्तसञ्चार गर्दै विभाजित भएको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने उद्देश्यमा आधारित नेपालका दुई ठूला पार्टी एमाले र माओवादी केन्द्रबीच बाम गठबन्धन भएको थियो । जसलाई नेपाली जनताले अत्यधिक बहुमतका साथ विजयी गराएका थिए । यस किसिमको जनमतमा विशेष गरी दुईवटा कुरालाई जोड गरिएको थियो । पहिलो कुरा राजनैतिक स्थायित्वको थियो । छ महिना, वर्ष दिनमा सरकार फेरबदल भइरहने समस्याको दीर्घकालीन समाधान आवश्यक थियो । दोस्रो भनेको विकास र रोजगारी सहितको समृद्ध देश निर्माण गर्ने कुरा थियो ।

आम सर्वसाधारण जनताको चाहनाको अलावा बौद्धिक र राजनीतिक वृत्तमा थप कुराका अपेक्षा थिए । पहिलो कुरा त संघीयताको कार्यान्वयन हो । केन्द्रीकृत शासन प्रणालीलाई विकेन्द्रित गरेर सर्वसाधारण नागरिकको पहुँचमा शासन सत्तालाई पुर्याउने पहिलो उद्देश्य भनेकै संघीय लोकतान्त्रिक गणतन्त्र हो । यसको प्रयोगमा कुनै पनि किसिमको कञ्जुस्याइँ हुनु हुँदैनथ्यो । दोश्रो महत्वपूर्ण कुरा शान्ति प्रक्रियाको पूर्णता थियो । नेपाली समाजमा युद्धका घाउ असरल्ल छन् । त्यसलाई वैज्ञानिक तरिकाले जिम्मेवारीपूर्वक उपचार गर्ने भनेकै शान्ति प्रक्रियाको पूर्णता हो । तेस्रो महत्त्वपूर्ण कुरा विकसित परिस्थितिमा अन्तर्राष्ट्रिय सम्बन्धलाई नेपालको हित अनुकूल विकास गर्नु थियो । चौथो भ्रष्टाचार न्यूनीकरण गर्दै देशमा सुशासन कायम गर्नु हो । भ्रष्टाचार र अनियमितताले आक्रान्त नेपाली समाजमा सुशासनको आवश्यकता महसुस गम्भीर रूपमा गरिएको छ ।

पहिलो निर्वाचनबाट निर्वाचित प्रधानमन्त्री केपी शर्मा ओलीले माथि भनिएका देश र जनताका कुनैपनि आवश्यकताको सम्बोधन गर्नतर्फ जिम्मेवार पहल नै गरेनन् । त्यतिमात्रै होइन, संघीयता कार्यान्वयन, शान्ति प्रक्रियाको पूर्णता र सुशासनको बारेमा त झन् पूर्ण रूपमा उदासीन रहे । राष्ट्रियताको सवालमा मित्र राष्ट्रसँग ऐतिहासिक र सुमधुर सम्बन्धलाई समेत शंकाको घेरामा धकेल्ने काम गरे । वाइडबडी, यति, ओम्नी र सेक्युरिटी प्रेस खरिद आदि मार्फत् सुशासनको नारालाई नै भद्दा मजाकको विषय बनाइदिए ।

ओलीले अन्तरपार्टी जनवादलाई भुत्ते बनाउँदै तत्कालीन नेकपालाई फुट र विभाजनमा धकेल्ने काम गरे । त्यसको उत्कर्षमा जननिर्वाचित संसद्लाई नै दुई दुई पटकसम्म भङ्ग गरेर जनमतको धज्जी उडाउने काम गरे । भर्खर जन्मेको शिशुको रुपमा रहेको वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रप्रति नै आशंका र अविश्वास पैदा गर्ने काम गरे ।

जसले गर्दा वर्तमान व्यवस्थाप्रति नै वितृष्णा पैदा गरेर नेपाली जनताको रगत र पसिनाबाट प्राप्त उपलब्धि नै गुम्ने खतरा उत्पन्न भयो । वर्तमान पाँच दलीय गठबन्धन निर्माणको वस्तुगत आधार भनेकै त्यही हो । वर्तमान पाँच दलीय गठवन्धन पार्टीहरूको आफ्नो चाहना भन्दा पनि तत्कालीन प्रधानमन्त्रीले चालेको व्यवस्था विरोधी गलत कदमको प्रतिरोध गर्नुपर्ने वस्तुगत आवश्यकताको उपज हो । पार्टीहरु भन्दा माथि संविधान र व्यवस्था हुन्छ । सबैभन्दा माथि देश र जनता हुन्छन् ।

देश र जनताको भविष्यमाथि खेलवाड भयो भने, व्यवस्था नै नरहने स्थिति आयो भने पार्टीले आफ्नो घेराभन्दा माथि उठेर व्यवस्था र देश जोगाउने उपायतिर लाग्नु पर्दछ । नेपालका पाँच राजनीतिक पार्टीहरूले देशको यही आवश्यकतालाई सम्बोधन गर्ने काम गरेका हुन् । प्रतिगमनको यात्राबाट देशलाई अग्रगमनको बाटोमा अघि बढाउन, संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकास गर्न, शान्ति प्रक्रियाका कामलाई अघि बढाउन, देशमा सुशासन कायम गर्न, आन्तरिक र बाह्य परिस्थितिका कारण संकटग्रस्त बन्दै गएको राष्ट्रिय अर्थतन्त्रलाई माथि उठाउन पाँच दलीय गठबन्धन आवश्यक भएको हो ।

देशको यही आवश्यकता र मर्मलाई थप गम्भीरताका साथ बोध गर्नु गठबन्धनमा आवद्ध पार्टीहरूको कर्तव्य हो । लोकतान्त्रिक गणतन्त्रको जग बलियो बनाइयो भने आगामी दिनमा पनि आन्तरिक प्रतिष्पर्धाका थुप्रै अवसर सिर्जना हुनेछन् । स्थानीय तह निर्वाचनमा देखा परेका कमीकमजोरीलाई सच्याउँदै आसन्न सै र प्रदेशको निर्वाचनमा केन्द्रीत हुनु आजको आवश्यकता हो । प्रतिगमनको खाडलबाट उठाएर ल्याएको यो सम्भावनालाई लोकतन्त्रको विकासमा परिणत गर्न गम्भीरतापूर्वक लाग्नुपर्दछ ।

प्रतिगामी शक्तिले गठबन्धन तोड्नका लागि गरेका अनेकौ षड्यन्त्र र प्रपञ्चविरुद्ध साझा प्रतिबद्धतासहित विश्वासिलो वातावरण निर्माण गरेर अघि बढे मात्रै आगामी निर्वाचनमार्फत् अपेक्षित परिणाम हासिल गर्न सकिन्छ । आगामी निर्वाचन पनि प्रतिगमन र अग्रगमन बीचको प्रतिस्पर्धा हो । संघीयता पक्षधर र विरोधीहरू बीचको प्रतिस्पर्धा हो । राष्ट्रबाद र उग्र राष्ट्रबादका बीच प्रतिस्पर्धा हो । यही प्रतिस्पर्धामा कम्तिमा पनि एकपटक पाँच दलीय गठवन्धन एकताबद्ध भएर चुनावी मैदानमा उत्रिनु आजको आवश्यकता हो ।

*मल्ल नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं सुर्खेत जिल्ला इञ्चार्ज हुन् ।*

*-साभार: रातोपाटी*

# महिला साफ च्याम्पियनसिप नेपालमा हुने



काठमाडौं/महिला साफ च्याम्पियनसिप नेपालमा आयोजना हुने भएको छ । दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले नेपालको प्रस्तावलाई स्वीकार गरेपछि महिला साफ च्याम्पियनसिप नेपालमा आयोजना हुने पक्का भएको हो ।

अब साफ च्याम्पियनसिप भदौं १३ देखि २५ (अगस्ट २९ देखि सेप्टेम्बर १०) सम्म आयोजना हुनेछ । अखिल नेपाल फुटबल संघ (एन्फा) का महासचिव किरण राईको नेतृत्वमा रहेको नेपाली टोलीले साफ च्याम्पियनसिप काठमाडौंमा आयोजना गर्न प्रस्ताव गरेको थियो । नेपाली टोलीले शुक्रबार बंगलादेशको ढाकामा साफका महासचिव अनवरुल हक हेलालसँग पनि भेट गरेको थियो ।

यो प्रस्तावलाई साफ अर्डिनरी कंग्रेस २०२२ अघिको साफको कार्यकारी समितिको बैठकले अअनुमोदन गरेको थियो । साफ अर्डिनरी कंग्रेस २०२२ ढाकामा भएको थियो । यो कंग्रेसले काजी मोहम्मद सलाहुद्दीनलाई साफको अध्यक्षमा निपर्वरोध निर्वाचित गरेको छ । उनले अअब २०२६ सम्म कार्यभार सम्हाल्नेछन् । कंग्रेसले भुटान फुटबल फेडेरसनका उगेन वाङ्चुकलाई साफको कार्यकारी सदस्य र श्रीलंका फुटबल महासंघका अध्यक्ष जसवर उमरलाई साफको प्रतिनिधित्व गर्ने एएफसी कार्यकारी समितिको सदस्यमा नियुक्त गरेको छ ।

त्यस्तै साफ अनुशासन तथा आचार संहिता र साफ आचार संहिता पनि कार्यकारी समितिबाट स्वीकृत भएको छ । नेपालले यसअघि पाँचौं संस्करणको महिला साफ विराटनगरमा आयोजना गरेको थियो । जसमा नेपाल फाइनलमा भारतसँग पराजित भएको थियो ।

साफ कंग्रेसमा सहभागी हुन महासचिव राईको नेतृत्वमा तीन सदस्यीय टोली बिहीबार ढाका प्रस्थान गरेको थियो । एन्फा सदस्य विकास नारायण श्रेष्ठ र न्यूरोड टिम (एनआरटी) का अध्यक्ष सुन्दर नरसिंह जोशी सहभागी छन् ।

-साभार: हाम्रो खेलकुद

# आविष्कार केन्द्रलाई ‘जनकल्याण प्रतिभा पुरस्कार’



काठमाडौँ/ यस वर्षको ‘जनकल्याण प्रतिभा पुरस्कार’ राष्ट्रिय आविष्कार केन्द्रलाई प्रदान गरिएको छ ।

थापाथली जनकल्याण परिवारको ३३ औं वार्षिकोत्सवको अवसरमा आज आयोजित कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले सो पुरस्कार आविष्कारका अध्यक्ष महावीर पुनलाई प्रदान गरे । पुरस्कारको राशि ५१ हजार रहेको छ ।

त्यसैगरी २० हजार राशिको यस वर्षको ‘लीलाजङ्ग सिजापती जनकल्याण पुरस्कार’ समाजेवी भवानी कोइरालालाई प्रदान गरिएको छ । ‘युगनाथ जनकल्याण पुरस्कार’ मुस्कान सेवा नेपाललाई, ‘क्याप्टेन गोपालप्रसाद जनकल्याण पुरस्कार’ सङ्गीतकार रवि रानामगर र ‘स्व नन्दलाल जोशी जनकल्याण पुरस्कार’ समाजसेवी दिलबहादुर ओलीलाई प्रदान गरिएको छ ।

पुरस्कारको राशि क्रमश: १५ हजार, १० हजार र सात हजार ५०० रहेको छ । समाजसेवी लाल तण्डुकारलाई पाँच हजार राशिसहित सम्मान गरिएको छ । जनकल्याणले विभिन्न विद्यालयमा अध्ययनरत करिब ३० विद्यार्थीलाई अध्ययनका लागि छात्रवृत्तिसमेत प्रदान गरेको छ ।

सोही अवसरमा मन्त्री रेग्मीले ज्येष्ठ नागरिकले आर्जन गरेको सीप र ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने र त्यसलाई नयाँ पुस्ताले सहजरूपमा ग्रहण गर्नुपर्नेमा जोड दिए ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री दीपेन्द्र श्रेष्ठले सामुदायिक विद्यालय सुधारको आवश्यकता औंल्याए ।

- साभार: खबरहब

# चीनको दक्षिणी क्षेत्रमा चाबा आँधी, उच्च वर्षाको चेतावनी



काठमाडौँ/ चीनको दक्षिणी क्षेत्रमा शक्तिशाली आँधीले जनजीवन प्रभावित पारेको छ । मौसमविद्हरूले देशको सबैभन्दा धेरै जनसंख्या भएको प्रान्त गुआङदोङ लगायत क्षेत्रमा उच्च वर्षा र बाढीको प्रकोपको खतरा पूर्वानुमान गरेका छन् ।

यस क्षेत्रमा शनिबार १५ देखि २० किलोमिटर प्रतिघण्टाको दरले चाबा आँधी उत्तरपश्चिम क्षेत्रतर्फ फैलिरहेको छ । चिनियाँ राष्ट्रिय मौसम विज्ञान केन्द्रले आँधीबारे जानकारी दिँदै आम नागरिकलाई शतर्क रहन पनि सचेत गराएको छ ।

उक्त आँधीले उच्च वर्षा ल्याउन सक्ने पनि बताइएको छ । यद्यपि चाबा आँधीलाई अन्यको तुलनामा मध्यम स्तरको बहाब भएको आँधी मानिएको छ । पछिल्ला सातामा चीनको दक्षिणी भूभागमा वर्षा र बाढीले ठूलो भौतिक संरचना ध्वस्त पारेको बताइएको छ । साथै आर्थिक रुपमा पनि प्रमुख क्षेत्र मानिएको यस क्षेत्रमा भौतिक संरचनामा क्षति पुऱ्याउनुका साथै १० औं लाख मानिसको जनजीवन प्रभावित पारेको छ । यस्तै अगस्टसम्म नै अत्यधिक मात्रामा बाढी आउने आकलन गरिएको छ । विज्ञहरूले जलवायु परिवर्तनका कारण यस्तो अवस्था आएको टिप्पणी गरेका छन् ।

यसैबीच शनिबार दक्षिणी चीन सागरमा ३० जना सवार एउटा पानी जहाज दुर्घटना हुँदा २४ जना चालक दलका सदस्यहरू हराइरहेका छन् । दुर्घटनामा तीन जनाको भने उद्धार गरिएको छ । उक्त दुर्घटनास्थल हङकङको दक्षिणपश्चिम क्षेत्रमा पर्छ ।

-इकान्तिपुर

# पोखरा स्पोर्टस अवार्ड: दोस्रो पटक सर्वोत्कृष्ट बनिन् अरुणा




पोखरा/ पोखरा स्पोर्टस अवार्डको छैंठौ संस्करणमा भलिबलकी अरुणा शाहीले दोस्रो पटक सर्वोत्कृष्ट वर्ष खेलाडीको उपाधि जितेकी छन् । खेलकुद पत्रकार मञ्चले शनिबार पोखरा सभागृहमा शाहीलाई महिलातर्फबाट वर्ष सर्वोत्कृष्ट खेलाडीबाट पुरस्कृत गरेको हो ।

यसअघि उनले २०७३ को वर्ष खेलाडी (महिला) घोषित भएकी थिइन् । उनले प्रतिस्पर्धामा रहेका क्रिकेटकी मनिषा उपाध्याय र करातेकी सरगम कुमाललाई उछिनेकी हुन् । उनको कप्तानीमा नेपालले ०७८ मा ढाकामा भएको सेन्ट्रल जोन भलिबल प्रतियोगितामा स्वर्ण पदक हात पारेको थियो ।

पुरुष तर्फको सर्वोत्कृष्ट खेलाडी टेनिसका प्रदीप खड्का बनेका छन् । उनले शीर्ष ३ भित्र परेका ब्याडमिन्टनका विधान अधिकारी र करातेका बुद्ध लामालाई उछिनेका हुन् । विजेता दुवैले इलेक्ट्रिक स्कुटर सहित ट्रफी हात पारेका छन् । लाइफ टाइम अचिभमेन्टसहित विभिन्न ७ वितरण गरिएको अवार्डमा टेनिस खेल हाबी भएको छ । टेनिसबाट वर्ष उत्कृष्ट खेलाडीसहित ३ जनाले अवार्ड हात पारेका थिए ।

पोखरा स्पोर्टस अवार्ड अन्तर्गत सातौं संस्करणमा वर्षोत्कृष्ट खेल संघ गण्डकी प्रदेश तेक्वान्दो संघले हात पारेको छ । संघले अवार्डसहित ३५ हजार रुपैयाँ हात पारेको छ ।

त्यस्तै, वर्ष उदीयमान खेलाडी विधामा ३५ हजार रुपैयाँ र ट्रफीसहित टेनिसका दर्शिल श्रेष्ठले बाजी मारे । वर्ष उदीयमान खेलाडीमा उत्कृष्ट ३ भित्र क्रिकेटकी श्रृष्टि जैसी र बक्सिङका शाहिल लिम्बु मनोनित भएका थिए ।

वर्षोत्कृष्ट प्रशिक्षक विधामा टेनिसका निरज थापाले हात पारेका छन् । उनले ३५ हजार रुपैयाँसहित ट्रफी पाएका छन् । उक्त विधामा उत्कृष्ट ३ भित्र क्रिकेटका रिजन प्रजु र तेक्वान्दोका रेकमाया गुरुङ पछि परेका थिए ।

**लाइफटाइम अचिभमेन्ट भट्टराईलाई, उत्कृष्ट पत्रकार परियार**

मञ्चले छैटौं संस्करणको लाइफटाइम अचिभमेन्ट सम्मानबाट गणेशबहादुर भट्टराई सम्मानित भएका छन् । उनी बक्सिङका पूर्व अन्तर्राष्ट्रिय खेलाडी हुन् । लाइफटाइम अचिभमेन्ट अवार्डबाट सम्मानित भएका भट्टराईले सन् १९९० मा पाकिस्तानमा भएको चौथो दक्षिण एसियाली खेलकुदमा रजत पदक जितेका थिए । उनी सन् १९८९, १९९० र १९९१ मा बक्सिङमा राष्ट्रिय च्याम्पियनसमेत बनेका थिए ।

सन् १९८७ मा पहिलोपटक जुनियर राष्ट्रिय प्रतियोगितामा सहभागी भट्टराई पहिलो सहभागितामै च्याम्पियन बने । सन् १९८८ मा पनि जुनियर राष्ट्रिय च्याम्पियनसिपमा गोल्ड मेडल जिते । त्यसको एक वर्षपछि राष्ट्रिय च्याम्पियन बने ।

त्यस्तै, मञ्चले वर्ष उत्कृष्ट खेल पत्रकार अवार्डबाट दीपक परियारलाई सम्मान गरेको छ । कान्तिपुर मिडियासँग आवद्ध परियारलाई ३५ हजार रुपैयाँसहित मञ्चले पुरस्कृत गरेको हो ।

# एनआरटीको अर्को फराकिलो हार



काठमाडौं/मलेसिया जारी टुवान याङ टेरुतमा (टीवाईटी) कपमा नेपालको ‘ए’ डिभिजन क्लब न्युरोड टिम (एनआरटी) ले आफ्नो दोस्रो खेलमा पनि फराकिलो हार बेहोरेको छ ।

एनआरटी मलेसियाको सुपर लिग क्लब पेनाङ एफसीसँग ५-० ले पराजित भएको हो । पहिलो हाफमा २-० ले पछि रहेको एनआरटीले दोस्रो हाफमा थप तीन गोल खाएको थियो ।

पेनाङको फराकिलो जितमा लुकास सिल्भाले ह्याट्रिकसहित चार गोल गरे । एक गोल सराभानको नाममा रह्यो । बलियो पेनाङलाई एनआरटीले पहिलो हाफमा ४३ मिनेटसम्म मात्रै रोक्न सफल भयो । लुकास सिल्भाले गोल गर्दै पेनाङलाई सुरुवाती अग्रता दिलाए । पहिलो हाफको इन्ज्युरी समयको थप गरिएको दोस्रो मिनेटमा सराभानले गोल गर्दै पेनाङलाई पहिलो हाफमा २-० को अअग्रता दिलाए ।

६८ अऔं मिनेटमा लुकास सिल्भाले व्यक्तिगत दोस्रो र टोलीका लागि तेस्रो गोल गरे । ८०औं मिनेटमा सिल्भाले अर्को गोल थप्दै ह्याट्रिक पुरा गर्दा एनआरटी ४-० ले पछि पऱ्यो । इन्ज्युरी समयको थप गरिएको चौथो मिनेटमा सिल्भाले व्यक्तिगत चौथो तथा टोलीका लागि पाँचौ गोल गर्दै टोलीलाई फराकिलो जित दिलाए ।

यसअघि एनअआरटी पहिलो खेलमा इन्डोनेसियाको लिग टु क्लब कारो एफसीसँग ५-१ को फराकिलो अअन्तरले पराजित भएको थियो ।

पेनाङ शहरका प्रमुख मिस्टर याङले पद बहाली गरेको पहिलो बार्षिकोत्सवको अवसरमा आयोजना भएको टीवाइटी कपमा एनआरटी जितविहीन बन्दै बाहिरिएको छ ।

गोलअअन्तरको आधारमा पेनाङ च्याम्पियन बनेको छ । पेनाङ र कारोको समान ४ अंक नै रहेपनि गोल अन्तरमा पेनाङ अघि रह्यो । पेनाङ र कारोले समानद २ खेलबाट ४ अंक जोड्दा एनआर टी अंकविहीन बन्यो ।

विजेता पेनाङले १० हजार मलेसियन रिंगेट तथा उपविजेता कारोले ५ हजार मलेसियन रिंगेट प्राप्त गरेको छ । टीवाइटी कपपछि एनआरटीले थाइल्याण्डमा विभिन्न क्लबसँग तीन मैत्रीपूर्ण खेल खेल्ने तालिका छ । एक खेल थाई लिग वान क्लब छोनबुरी एफसीसँग खेल्ने पक्का भइसकेको छ ।

-साभार: हाम्रो खेलकुद

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने गठबन्धनको घोषणा

बारा/ गठबन्धनका शीर्ष नेताहरू बाराको निजगढमा पुगेर निमार्णाधिन अन्तर्राष्ट्रिय निजगढ विमानस्थलको स्थलगत अध्ययन गरेका छन् । सो क्रममा उनीहरूले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने घोषणा समेत गरेका छन् ।



निजगढ पुग्नेमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव, अर्थमन्त्री जनार्दन शर्मा, खानेपानीमन्त्री उमाकान्त चौधरी, पर्यटनमन्त्री जीवनराम श्रेष्ठलगायत छन् ।

विमानस्थलको अवलोकनपछि प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालमा अर्को अन्तर्राष्ट्रियस्तरको विमानस्थल आवश्यक रहेको बताएका छन् । शनिबार निजगढस्थित अन्तर्राष्ट्रिय विमानस्थल निर्माणस्थलको निरीक्षणमा पुगेका उनले सुविधासम्पन्न अन्तर्राष्ट्रिय विमानस्थलको एकदमै खाँचो रहेको बताएका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा ढिलाइ गर्न नहुने बताए ।

त्यस्तै जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले भविष्यलाई समेत हेरेर आयोजना निर्माण गरिनुपर्ने बताए । निजगढमा रहेका पुराना बस्तीलाई जोगाएर आयोजना अगाडि बढाउनुपर्नेमा उनले जोड दिए । आयोजना निर्माणमा सबैले सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

वातावरण र पूर्वाधार विकासबीच सन्तुलन कायम गरेर विमानस्थल निर्माण गर्न सकिने सर्वोच्च अदालतको फैसला आएपछि शीर्ष नेताहरुले पहिलो पटक निर्माणक्षेत्रको भ्रमणमा गएका हुन् ।

# ८ प्रतिशतको आर्थिक वृद्धिले व्यापार असन्तुलन झन् बढ्छ : खतिवडा

काठमाडौं/ पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले सरकारले आर्थिक वर्ष २०७९-८० मार्फत लिएको ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने हो भने व्यापार असन्तुलन झन् बढ्ने बताएका छन् ।

मदन भण्डारी वौद्धिक मञ्चले शनिबार आयोजना गरेको कार्यक्रममा उनले आर्थिक वृद्धिमा मात्र ध्यान दिने हो भने सरकारले भनेझैं आत्मनिर्भर अर्थतन्त्रको बाटोमा जान नसक्ने बताए । ‘यदि ८ प्रतिशतको आर्थिक वृद्धि पुग्ने अवस्था आयो भने वाह्य क्षेत्र असन्तुलन अहिलेको भन्दा दोब्बर खराब हुँदै जान्छ । यो कुरो सरकारले हेक्का राखे हुन्छ’ उनले भने ।

अहिले नै ३ खर्बको सोधनान्तर घाटाको अवस्था रहेको भन्दै पूर्वअर्थमन्त्री खतिवडाले बाह्य क्षेत्र सन्तुलनमा राख्ने हो भने आर्थिक वृद्धिदर २ प्रतिशतमा सीमित राख्नुपर्ने धारणा राखे । ‘पाँच वर्षमा व्यापार सन्तुलन गर्नुभयो भने उहाँहरूलाई (सरकार) सम्मान गर्नुपर्छ । व्यापार सुन्तुलन हुन्छ, तर आर्थिक वृद्धिदर २ प्रतिशतमा सीमित रहनुपर्छ’ उनले भने ।

खतिवडाले आर्थिक वृद्धिलाई ठिक्कको तहमा अनुमान गरेर मूल्यवृद्धि पनि कम हुने वातावरण सिर्जना गरेर वित्तीय स्थायित्व कायम गर्न ध्यान दिनुपर्ने बताए ।

‘अहिले च्वाइस छ कि त आर्थिक स्थायित्व कायम गर्ने कि उच्च आर्थिक वृद्धि गरिहाल्ने त्यसपछि समाप्त पारिदिने ?’ खतिवडाले भने, ‘अहिले सरकारले संयम अपनाउने बेला छ ।’

-साभार: अनलाइनखबर

# ‘नारायणीलाई जीवन्त बनाउने छु’

काठमाडौं/ ‘प्रसाद’ को सिक्वेल ‘प्रसाद २’ को घोषणा गरिएको छ । गत बिहिबार काठमाडौंमा फिल्मको औपचारिक घोषणा गरिएको हो । दिनेश राउत निर्देशित प्रसादको सिक्वेललाई भने सुदर्शन थापाले निर्देशन गर्नेछन् ।

फिल्ममा विपिन कार्की, नम्रता श्रेष्ठ र अर्पण थापाको अभिनय रहनेछ । प्रसादमा देखिएका निश्चल बस्नेत यसपटक फिल्ममा छैनन् । फिल्मका मुख्य पात्र बाबुराम र नारायणी सहरबाट गाउँ फर्किने र गाउँ फर्केपछि आउने उतारचढावलाई फिल्मले प्रस्तुत गर्ने लेखक सुशील पौडेलले बताए ।

यसपटक आफूहरूको क्यारेक्टर अझै परिपक्व भएर दर्शक सामु आउँन लागेको नम्रताले बताइन । फिल्म नारायणीको भूमिका निर्वाह गर्ने नम्रताले फिल्मलाई लिएर उत्साहित रहेको बताइन । ‘यसपटक अर्पण दाइ पनि आएको छ । त्यसैले आफ्नो क्यारेक्टरमा जीवन्त बनाउन झनै मेहनत आवश्यक छ । प्रसाद हेरेर आफैंले औंल्याएको कमीकमजोरीले सिक्वेललाई राम्रो बनाउन मदत गर्ने छ’ उनले भनिन् । पछिल्लो समय आफू प्रसादको सिक्वेल र ग्रहण फिल्ममा काम गरिरहेकाले अन्य प्रोजेक्टलाई समय नदिएको समेत उनले बताइन ।

मैले लकडाउन अगाडि नै प्रसाद २ गर्ने सेड्युल थियो । यद्यपि लकडाउनले सबै फेरबदल भयो । साथै, ग्रहणको लागि समेत एरियल योगाको प्रशिक्षण लिइरहेकाले अन्य प्रोजेक्टमा समय दिएकी छैन ।

मेरो एउटा प्रोजेक्टमा कुराकानी भइरहेको छ भने आफ्नै होम प्रोडक्सनबाट पनि एउटा फिल्म गर्दैछु नम्रताले भनिन् । उनले सिक्वेलमा निर्देशकको रुपमा सुदर्शन थापा आउँदा आफूहरूमा आएको परिपक्वताले काम गर्ने बताइन ।

‘मैले सुदर्शनजीसँग मेरो एउटा साथी छ मा काम गरेकी थिएँ । त्यस बेला हामी दुवै सिकाइकै क्रममा थियौं ।

त्यतिबेलासम्मको यात्रामा संगालेको अनुभवले प्रसाद २ लाई फाइदा गर्नेमा विश्वस्त छु’ नम्रताले भनिन् । फिल्म तिहारमा रिलिज गर्ने तयारी निर्माण पक्षको छ । फिल्मका प्रस्तुतकर्ता सुभाष थापा हुन् भने निर्माता केशव पाण्डे छन् ।

-साभार: खबरहब

हार्दिक समवेदना



जन्म: २०१०/१२/१४
स्व. डा. गणेशकुमार पौडेल
मृत्यु: २०२९/०३/०७

यस संस्थाका संस्थापक सदस्य एवम् कार्यसमिति सदस्य **डा. गणेशकुमार पौडेल**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त दु:खी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष: गणेश बहादुर बल लामा**
**दिव्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि.**

हार्दिक समवेदना



जन्म: २०१०/१२/१४
स्व. डा. गणेशकुमार पौडेल
मृत्यु: २०२९/०३/०७

यस मन्दिर समितिका आजीवन सदस्य **डा. गणेशकुमार पौडेल**को देहान्त भएको १३ औं दिनको पुण्यतिथिमा उहांको आत्माको चिर शान्तिको कामना गर्दै सोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राममान श्रेष्ठ (अध्यक्ष)** तथा
**वनस्खण्डी मन्दिर पर्यटन विकास समिति परिवार**
हेटौंडा-२, मकवानपुर

**आकर्षक घडेरी बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थाहा नगरपालिकामा अनलाइन भुक्तानी प्रणाली सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ उत्तरी मकवानपुरको थाहा नगरपालिकाले अनलाइन भुक्तानी प्रणाली सुरु गरेको छ । अब थाहानगरका सेवाग्राहीले घरमै बसेर पनि नगरपालिकालाई तिर्नुपर्ने सबै प्रकारको कर तिर्न सक्ने भएका छन् ।

नगरपालिकाले चालु आर्थिक वर्षको १७ असारसम्म मात्र एकसय बढी आपूर्तिकर्ता, निर्माण व्यवसायी तथा व्यक्तिहरुको भुक्तानी अनलाइनमार्फत गरिसकिएको थाहा नगरपालिकाका लेखा अधिकृत हरि बहादुर खपाङ्गी मगरले जानकारी दिए ।

थाहा नगरपालिकाले संघीय संचित कोषमा जम्मा हुने सबै प्रकारको कर तथा निर्माण व्यवसायी, परामर्शदाता, आपूर्तिकर्ता र अन्य सेवा प्रदायक संस्था र व्यक्ति सबैको कट्टी गरेको विभिन्न कर समेत इ-टिडिएस गर्ने कार्य थालिसकेको छ । नेपाल सरकारले विकास गरेका इसेवा प्रणाली तथा प्रविधि प्रयोगमा ल्याइरहँदा यसबारे आम सरोकार वालालाई सुसुचित गराउन सके थप प्रभावकारी हुने लेखा अधिकृत खपाङ्गी मगरले जानकारी दिए ।

पूर्ण रुपमा इ-पेमेन्ट कार्यान्वयनका ल्याउनका लागि पालिकाबाट भुक्तानी लिनेको बैंक खाता अनुसारको नेपाली तथा अंग्रेजी नाम, बैंकको नाम, शाखा, खाता नम्बर र सम्बन्धितको प्यान वा भ्याट नम्बर अनिवार्य हुनुपर्ने उनले जानकारी दिए । पालिकाले १७ असारसम्म एक करोड बढिको भुक्तानी इ-पेमेन्ट मार्फत गरिसकेको लेखा अधिकृत खपाङ्गी मगरले जानकारी दिए ।

आगामी आर्थिक वर्ष २०७९/०८० बाट पूर्णत: इपेमेन्ट प्रणाली प्रयोगमा ल्याउँने तयारी नगर पालिका लागि परेको मेयर विष्णु विष्टले बताए । पालिकाले आगामि आर्थिक वर्षबाट सबै प्रकारको खरिद वस्तु, निर्माण कार्य, परामर्शदाता र अन्य सेवाको खरिदको लागि खरिद इकाइ, मुल्यांकन समिति र रुजु समितिलाई समेत थप क्रियाशील गराई सेवा प्रवाह गरिने मेयर बिष्टले बताए । नगरमा तिर्नुपर्ने करलाई पनि पूर्णत: अनलाइन प्रणाली बनाइने प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए । थाहा नगरले यसअघि पनि एउटा वडाको कर अर्को वडाबाट तिर्न सकिने व्यवस्था गरेको थियो ।

# मकवानपुरगढी-१ को बुदुने खोलामा झोलुङ्गे पुल सञ्चालन



साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ मकवानपुरगढी गाउँपालिका-१ को बुदुने खोलामा निर्माण गरिएको झोलुङ्गे पुल सञ्चालनमा आएको छ ।

११८ मिटर लम्बाईमा निर्माण गरिएको पुल पालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले उद्घाटन गरेसँगै सञ्चालनमा आएको हो । उक्त पुल निर्माण पश्चात वडा नम्बर १को उक्त क्षेत्रका ३०९ घरधुरी लाभान्वित हुनेछन् ।

राडो नेपालको सामाजिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको पुल निर्माणको लागत ५० लाख १६ हजार ११३ रुपैयाँ लागेको वडा अध्यक्ष आइतसिं लोले बताए । पालिकाको बजेट, जनसहभागिता, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम लगायत अन्य रकमबाट उक्त पुल निर्माण गरिएको अध्यक्ष लोले बताए । चलिसे खोला र जिम्मर खोला समेट्ने गरी पुलको निर्माण गरिएकाले स्थानीयबासीहरुलाई आवातजावतमा सहज पुगेको छ ।

उद्घाटन कार्यक्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनी, वडा अध्यक्ष आइतसिं लो, कार्यपालिका सदस्य फुलमाया टुप्पा, वडा सदस्यहरु सोमलाल बुलुन, सुन्तली विक, लाल बहादुर लामा, राडो नेपालका राजन दाहाल, पालिका इन्जिनियर तिलक तिमल्सिना, टोल विकासका अध्यक्ष, शिक्षक तथा बुद्धिजिवीहरुको उपस्थिति रहेको थियो ।

# हेटौंडाको वडाध्यक्ष र सचिवहरुलाई अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा उपमहानगरपालिकाले स्थानीय तह निर्वाचनमा निर्वाचित भएका वडा अध्यक्ष र सचिवहरुका लागि दुई दिने अभिमुखीकरण दिएको छ ।

स्थानीय सेवा प्रवाहमा विद्यमान कानुन तथा समसामहिक बिषयमा वडा अध्यक्ष र सचिवहरुलाई अभिमुखीकरण दिइएको हो । अभिमुखीकरण कार्यक्रमको शनिबार हेटौंडा उपमहानगरका प्रमुख मिनाकुमारी लामाले समापन गरेकी छन् ।

समापनमा नगर प्रमुख लामाले अभिमुखीकरणले भोलीका दिनमा काम गर्न सहज हुने बिस्वास व्यक्त गरिन् । दुई दिनको बसाईले आगामी दिनमा कामको शिलशिलामा हुन सक्ने कानुनी समस्यासहितको बारे जानकारी लिएपछि जनतालाई सेवा सुबिधा दिने काममा बिलम्ब नगर्न वडा अध्यक्ष र सचिबलाई आग्रह गरिन् ।



अभिमुखीकरणमा बिकासका अवधारणा र योजना तर्जुमा प्रकृया, न्यायिक समितिको कानुनी व्यवस्था काम कर्तव्य र अधिकार, वडाहरुबाट हुने बिभिन्न सिफारिस, नागरिकता सिफारिस, स्थानीय बजार अनुगमन, बिपद् व्यवस्थापन, सेवा प्रवाहमा स्थानीय तहको भूमिकाको बिषयमा अभिमुखीकरण गराएको हेटौंडा उपमहानगरपालिका प्रशासन महाशाखाका प्रमुख रामकृष्ण थापाले जानकारी दिए ।

कार्यक्रममा १९ वटै वडाका अध्यक्ष र सचिवहरुले सेवाग्राहीहरुलाई दिने सेवा, सुविधा गुणस्तरीय, छिटोछरितो तथा प्रभावकारी बनाउने बारे अभिमुखीकरण गराइएको थियो । वडाहरुबाट आउने सिफारिसको व्यहोरा अपुरो हुँने भएकाले सेवाग्राही काम नगरी फर्केर जानुपर्ने अवस्था रहेको, तीन तहका सरकारले नागरिक्लाई कसरी सहज रुपमा सेवा सुविधा दिन सकिने बारे जानकारी गराइएको थियो । कार्यक्रममा मकवानपुरका निमित्त प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रे, जिल्ला समन्वय अधिकारी आनन्दराज पोखरेल, हेटौडा उपमहानगरका प्रमुख प्रशासकिय अधिकृत शिबराज चौलागाई, कानुनी सल्लाहकार मुकुन्द अधिकारीले सहजिकरण गरेका थिए ।

# स्वास्थ्य उपकरण खरिद तथा कृषि अनुदान वितरण प्रक्रियाको छानबिन हुने

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ बागमती प्रदेशसभाको लेखा समितिले स्वास्थ्य उपकरण खरिद तथा कृषि अनुदान वितरण प्रक्रियाको छानविन गर्ने भएको छ ।

अनुदान र स्वास्थ्य उपकरण खरिद प्रक्रियामा त्रुटी भएको विषयले प्रदेशसभाको बैठकमा प्रवेश पाएसँगै समितिले छानविन गर्ने भएको हो । लेखा समितिको बैठकले कृषि अनुदान वितरण र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट गरिएको सिटिस्क्यान खरिद प्रक्रियाको छानविन गर्न उपसमिति गठन गरेको छ । समिति सभापति न्हुच्छेनारायण श्रेष्ठको संयोजकत्वमा तीन सदस्यीय छानविन उपसमिति गठन गरिएको हो ।

उपसमितिमा एमालेका सांसद चन्द्रबहादुर लामा र विवेकशील साझा पार्टी सांसदका रमेश पौड्याल सदस्य छन् । उपसमिति सदस्य सचिव दीपक अधिकारीलाई तोकिएको छ ।

समितिको समय सीमा साउन १० गतेसम्म रहेको छ । उपसमिति सदस्य रमेश पौड्यालले स्वास्थ्य उपकरण खरिदको विषयमा स्वास्थ्य मन्त्रालय र तत्कालिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र हालको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमार्फत् २०७६/०७७ देखि हालसम्म वितरण भएका अनुदान वितरण सम्बन्धि शीर्षक, संख्या, रकम, प्राप्त गर्नेको सम्पूर्ण विवरण सात दिनभित्रमा उपलब्ध गराउन मन्त्रालयलाई निर्देशन दिइएको छ ।

बैठकले स्थानीय तहमा सार्वजनिक लेखा समिति गठन र त्यसको प्रभावकारिताको विषयमा असार २० र २२ काठमाडौं र धुलिखेलमा स्थानीय तहसँग अन्तर्क्रिया समेत गर्ने निर्णय समेत गरेको उनले जानकारी दिए ।

# जिल्लामै खेलाडी उत्पादनमा उपमेयर बानियाँको जोड

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँले जिल्लामै खेलाडी उत्पादनमा जोड दिएका छन् ।

शनिबार नागस्वती भेट्रान्सको पहिलो साधारण सभालाई सम्बोधन गर्दै उनले मकवानपुरमा फुटबल खेलाडी उत्पादनमा जोड दिन भेट्रान्स खेलाडीहरुलाई आग्रह गरेका हुन् ।

जिल्लामा हुने प्रतियोगितामा बाहिरबाट खेलाडी किन्नुपर्ने बाध्यतालाई अब बन्द गराउन जिल्लामै खेलाडी उत्पादनमा लाग्न आग्रह गरेका छन् । उपमहानगरले यस पटकको बजेटमा खेल क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको बताउदै नागस्वती भेट्रान्सलाई पनि समेटेर अगाडी बढ्ने बताए ।

४० वर्ष माथिका पूर्व राष्ट्रिय खेलाडीहरुले पछिल्लो समय मकवानपुरमा फुटबलखेललाई चलायमान गराउन खेलेको प्रशंसा गर्दै बानियाँले अझ सक्रिय भएर भेट्रान्स खेलाडीहरु लाग्नुपर्नेमा जोड दिए । नागस्वती भेट्रान्स जिल्लामा खेलाडी उत्पादन गर्ने मुहान भएको भन्दै क्लबलाई सक्रिय रहेर खेलका गतिविधि बढाउन आग्रह गरे । क्लबका अध्यक्ष सोमबहादुर तितुङको अध्यक्षतामा भएको साधारण सभामा क्लबका द्धितीय उपाध्यक्ष गोकुलनाथ पौडेलले स्वागत भनाइ राखेका थिए । कार्यक्रममा अखिल नेपाल फुटबल संघका केन्द्रिय सदस्य तथा फुटबल संघका अध्यक्ष टिका लामा, हेटौडा ७ का वडा अध्यक्ष दामोदर गौतम, वडा न ६ का वडा अध्यक्ष विष्णु बहादुर दाहाल, वडा नम्बर ८ का अध्यक्ष राम थापा, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, हेटौडा भेट्रान्सका उपाध्यक्ष नवराज बज्रचार्य, हेटौडा ७ का पुर्व वडा अध्यक्ष राजन थापा लगायतले आफ्नो भनाइ राखेका थिए । कार्यक्रममा जिल्लाका पूर्व खेलाडीहरुलाई सम्मान समेत गरिएको थियो ।



# पेशागत बिमा अभिकर्ता संघको अध्यक्षमा अधिकारी निर्विरोध



साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ पेशागत बिमा अभिकर्ता संघ (नेपाल विमक समिति नेपाल लाइफ इन्सुरेन्स कम्पनी लिमिटेड) को केन्द्रीय कार्यसमितिको अध्यक्षमा गणेश अधिकारी निर्विरोध निर्वाचित भएका छन् ।

शनिबार हेटौंडामा सम्पन्न संघको तेस्रो अधिवेशनबाट अधिकारी केन्द्रीय अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् ।

संघको वरिष्ठ उपाध्यक्षमा चन्द्र बहादुर खड्का, उपाध्यक्षमा महेन्द्र प्रसाद यादव, सचिवमा ओम बहादुर केसी, सहसचिवमा रामशरण पोखरेल र कोषाध्यक्षमा तेजमणी तिमल्सिना निर्विरोध निर्वाचित भएका छन् ।

संघको कार्यसमितिमा अन्य १० जना सदस्यहरु निर्विरोध भएसँगै १६ जनाको कार्यसमिति बनेको छ । शनिबार निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारी मनोनयन दर्ताका लागि जारी गरेको सूचना अनुसार १६ जनाले उम्मेदवारी दर्ता गराएका थिए ।

उम्मेदवारी दर्तामाथि दाबी विरोध नपरेको हुँदा निर्वाचन अधिकृत सिताराम पन्तले उम्मेदवारी परेकाहरुलाई निर्विरोध निर्वाचित भएको घोषणा गरेका थिए ।

# आँचल साहित्य कला पुञ्जले दश जना स्रष्टालाई सम्मान गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ आँचल साहित्य कला पुञ्जले एकसाथ दश जना स्रष्टालाई सम्मान गर्ने भएको छ ।

साहित्यका विभिन्न विधा, पत्रकारिता, कला तथा खेलकुद क्षेत्रमा योगदान पुर्याएका स्रष्टाहरुलाई आँचलले सम्मान गर्न लागेको हो । आँचलकी अध्यक्ष अनिता न्यौपानेले कोभिड-१९ का कारण २०७८ सालमा प्रदान गर्नुपर्ने सम्मान तथा पुरस्कार यसवर्ष प्रदान गर्न लागिएको जानकारी दिइन् ।

आँचल साहित्य कला पुञ्जको चौथो अधिवेशनको अवसरमा मकवानपुरसहित अन्य जिल्लाका स्रष्टालाई हेटौंडामा सम्मान गर्न लागिएको अध्यक्ष न्यौपानेले बताइन् । असार २५ गते हुने अधिवेशनमा स्रष्टाहरुलाई सम्मान गर्ने उनले बताइन् । आँचलले यसवर्षको बालकुमारी जगन्नाथ भेटवाल स्मृति साहित्य सम्मानबाट नगद १० हजार १ रुपैयाँसहित कवि तीर्थदेवी सिलवाल, प्रतिभा घिताल छन्द पुरस्कारबाट नगद १० हजार १ रुपैयाँसहित भुषिता बशिष्ठ,ईश्वर लम्साल स्मृति पत्रकारिता सम्मानबाट नगद ७ हजार ७ सय ७७ रुपैयाँसहित कृष्णराम परियार, टीकादत्त-मायादेवी-कुलकुमारी साहित्यिक पुरस्कारबाट नगद ११ हजार १ सय १ रुपैयाँसहित निवन्धकार देवराज खरेल र अप्सरा तिम्सिना लम्साल स्मृति साहित्य सम्मानबाट १५ हजार १ रुपैयाँसहित कवि सरिता तिवारीलाई सम्मान गर्ने भएको छ । यसैगरि,आँचलले यसवर्ष सुन्तली माया श्रेष्ठ युवा प्रतिभा सम्मानबाट नगद १० हजार १ रुपैयाँसहित कवि छवि अनित्य, मुक्ति तारा नव प्रतिभा सम्मानबाट नगद ५ हजार १ रुपैयाँसहित प्रसन्ना चौलागाईं,खड्ग बनस्खण्डी प्रतिभा सम्मानबाट नगद ५ हजार १ रुपैयाँसहित साहित्यकार जनार्दन खनाल, मंगलादेवी श्रेष्ठ बाल प्रतिभा सम्मानबाट नगद ३ हजार ५ सय सहित ऋत्विक केबी, आँचल साहित्य रकला सम्मानबाट नगद ५ हजार १ रुपैयाँसहित भलिवल खेलाडी चुडा खड्कालाई सम्मान गर्ने भएको छ ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**


- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

“सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन”
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)

६ चक्के/१० चक्के ट्रिपर, ट्रक, वस
फाईनान्स सुविधासहित बिक्रीमा
सम्पर्क: ९८०२३११५४८/९८०२३११५७९

पत्रिका नआएमा हामीलाई सम्पर्क गर्नुहोला ।

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना